नगर सन्देश

नगर सन्देश वा:पौ(साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अङ्क २७ ● ने.सं. ११४० बछलागा ११ (एकादशि) ● वि.सं. २०७७ जेष्ठ ५ गते, सोमबार ● 2020 May 18 Monday ● पृष्ठ ८

अनलाइन संस्करण

# कीनपाले नगरबासीसँग प्रत्यक्ष साक्षात्कार गर्ने




विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड -१९) का कारण नेपाल सरकारले पनि गत चैत्र ११ गते देखि देशभरि नै लकडाउन गरिरहेकोमा हिजो आइतबारको अर्को निर्णयअनुसार अझै जेष्ठ २० गते सम्मका लागि यो लकडाउन फेरि लम्बिएको छ। यस्तो स्थितिमा जो कोही पनि घर घरमै बस्नु पर्ने बाध्यतालाई मध्यनजर गरी कीर्तिपुर नगरपालिकाले भोलि मङ्गलबारदेखि नगरबासीहरूसँग प्रत्यक्ष साक्षात्कार गर्ने भएको छ।

लकडाउन लम्बिरहेको अवस्थामा कीर्तिपुर नगरपालिकाले आफ्ना विकास निर्माणका कार्यहरूलाई पनि सामाजिक दुरी कायम गर्दै विस्तारै पुनः शुरु गरिरहेको छ भने नगरपालिकाका अरु दैनिक काम कारबाहीहरू पनि विस्तारै सुचारु गर्न के कस्तो गर्नु पर्ने हो भन्ने नगरबासीहरूसँग प्रत्यक्ष सम्पर्कमा रही सुझाव लिने र त्यसलाई आवश्यकता र प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने बताइएको छ।

आधुनिक प्रविधिलाई प्रयोग गर्दै नगरपालिकाले यस्तो काम गर्न लागेको हो। यसका लागि नगरपालिकाका उप-प्रमुख तथा प्रवक्ता सरस्वती खड्को संयोजकत्वमा एक समिति गठन गरेको छ। विशेष गरी युवा लक्षित कार्यक्रम गरी तिनीहरूको सीप र क्षमतालाई कसरी सदुपयोग गर्ने र तिनीहरूलाई एकीकृत गरी नगरपालिकाको आगामी कार्यक्रममा सहयोग पुग्ने खालको हुने समेत बताइएको छ।

भोलि मङ्गलबार बिहान ७:३० देखि सञ्चालन हुने यस कार्यक्रममा स्वास्थ्यसँग सम्बन्धित रही कोभिड-१९लाई व्यवस्थापन गर्न कीर्तिपुर नगरपालिकाले खेल्नुपर्ने भूमिकाको बारेमा चर्चा गरिने र यसका लागि वीर अस्पतालमा कार्यरत डा. स्वरुप श्रेष्ठ, कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखाका प्रमुख सन्तमान मानन्धर त्यसैगरी पब्लिक हेल्थका तर्फबाट डा. बसन्त महर्जन अतिथिको रुपमा आउने बताइएको छ।

कीर्तिपुर नगरपालिकाबाट सञ्चालित "हेलो कीर्तिपुर नगरपालिका"को फेसबुकबाट समेत प्रत्यक्ष प्रशारण (लाइभ) गर्ने भएकोले नगरबासीहरू पनि प्रत्यक्ष सहभागी हुन सक्ने बताइएको छ।

प्रत्येक मङ्गलबार बिहान ७:३० बजेदेखि सञ्चालन हुने यस कार्यक्रम लक्ष्मीकुमार महर्जनले सञ्चालन गर्नु हुनेछ भने अर्को साता स्थानीय ईन्जिनियरहरू तथा त्यसपछिको कार्यक्रममा शिक्षा सम्बन्धी हुने भएकोले सम्बन्धित व्यक्तिहरू अतिथिको रुपमा आउने पनि जानकारी गराइएको छ।

## सम्पादकीय

# ढिलो खुलेको चेत

विश्व कोरोना भाइरस सङ्क्रमण र यसको विश्वव्यापी महामारीको चपेटामा छ। सम्पूर्ण राष्ट्र र मानव समुदाय यो सङ्क्रमण रोक्न र यसको रोकथाम एवम् उपचारको खोजीमा जुटेको छ तर अहिलेसम्म झिनो आशा बाहेक उल्लेख्य सफलता मिलेको छैन। यस्तो परिस्थितिमा विकल्पको रुपमा भौतिक तथा सामाजिक दुरी कायम गर्ने गराउने, लकडाउन पूर्ण रुपमा पालना गर्ने गराउने, नियमति रुपमा साबुन पानीले हात धुने वा गुणस्तरीय स्यानिटाइजर प्रयोग गर्ने र सही तरिकाले मास्क प्रयोग गर्ने जस्ता उपायहरू अवलम्बन गर्न सुझाइएको छ।

यही क्रममा नेपाल सरकारले पनि देश र आफ्ना नागरिकहरूलाई कोरोना सङ्क्रमणबाट बचाउन गत चैत्र ११ बाट देशभर लकडाउन लागु गरेको छ तर यही अवधिमा लापरबाही गर्दै विभिन्न पहुँचको प्रयोग गरी स्थानीय निकाय तथा अन्य प्रशासनिक निकायबाट पास प्राप्त गरी त्यसको व्यापक दुरुपयोग गरी वा प्रहरी प्रशासनको आँखा छलेर अनावश्यक रुपमा एक स्थानबाटअर्को स्थानमा आवतजावत गर्ने, सरकारी सवारी साधन, मन्त्रालयहरूका सवारी साधन, सुरक्षा निकायका सवारी साधन, एम्बुलेन्स आदि समेत प्रयोग गरी एक स्थानबाट अर्को स्थानमा जाने आउने कार्यमा सर्वसाधारणदेखि उच्च पदस्थ व्यक्तिसम्मले गरे। फलस्वरुप नेपालमा लागु गरिएको ५० दिनको लकडाउन खेर गए सरह भएको छ। अर्थात सङ्क्रमण अनपेक्षित रुपमा बढिरहेको छ।

पछिल्लो समयमा बढेको यही सङ्क्रमणले नेपाल सरकार, स्थानीय सरकार, गृह प्रशासन र सर्वसाधारणमा चेत खुलेको छ। फलस्वरुप सरकारले लकडाउनमा कडाइ गरेको छ भने सर्वसाधारणले समेत आ-आफ्नो स्थानमा अनावश्यक हिँडडुल गर्न र मानिसहरूको स्थानान्तरणमा रोक लगाउन थालेको छ। यही चेत सम्भवतः प्रारम्भिक दिन देखि नै खुलेको भए भाइरस सङ्क्रमणको यस महामारीबाट नेपाली र नेपाल सुरक्षित हुन सक्थ्यो। ढिलै भए पनि सबैमा जागेको यो चेतनाले गर्दा कोरोना भाइरसको यस डर लाग्दो महामारीबाट हाम्रो देश र समाजलाई बचाउन सक्षम हुने अपेक्षा नगर सन्देश परिवार गर्दछ। आशा छ, यस कार्यबाट हामी सबै छिट्टै सामान्य जीवनमा फर्कन सफल हुनेछौं।

# बढ्दो लकडाउन र हाम्रो प्रयास

**केदार बुढाथोकी**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमणबाट विश्व समुदायले अपुरणीय क्षति बेहोरिरहेको छ। यसले विज्ञान र दर्शन दुबैलाई चुनौति दिदै मानव जगतमा ठूलो हलचल पैदा गरेको छ। कोरोनाले मानव स्वास्थ्यसँगै विश्व अर्थतन्त्रमा समेत गम्भीर प्रभाव छाड्न सफल भएको छ। मानिसमा सङ्क्रमण दिन प्रतिदिन बढ्दै गइरहेको छ भने मृत्यु हुनेको सङ्ख्या पनि बढ्दै गइरहेको छ। तसर्थ मानव समुदायलाई कोरोनाबाट जित्नका लागि सरकारको सुझबुझपूर्ण निर्णय र कार्यान्वयन तथा सम्पूर्ण जनताले लकडाउनको पूर्ण पालना लगायत अन्य सुरक्षाका उपाय पालना गर्नु अत्यावश्यक देखिन्छ।

नेपालमा कोरोना सङ्क्रमण दिन प्रतिदिन बढ्दै गइरहेको छ। पहिलो केसबाट दोश्रो केस देखिन ५८ दिन लागेको थियो भने पछि क्रमशः दिन प्रतिदिन बढ्दै गइरहेको छ। आजको दिनसम्ममा आइपुग्दा ३०५ कोरोना सङ्क्रमित फेला परेका छन् भने दुई जनाले आफ्नो ज्यान गुमाउनु परेको छ। यसले के सन्देश दिएको छ भने हामी थप सजक र सचेत भई अगाडि बढ्नु पर्दछ। राज्यको तर्फबाट जिम्मेवार ढङ्गबाट अगाडि बढी लकडाउनको पूर्ण पालना, सङ्क्रमित ठाउँको सिल, सङ्क्रमित व्यक्तिको कन्ट्याक्ट ट्रेसिङ्ग गरी चेकअप र उपचार तथा लकडाउनको सदुपयोग गरी उपचार क्षमताको बृद्धी सेल्फ आइसोलेसन तथा आइसियू र भेन्टिलेटरको सुविधा थप र सम्भावित जोखिमलाई आँकलन गरी सोही अनुसारको क्षमता विस्तारका साथै परीक्षणको दायरा बढाएर वृहत मात्रामा परीक्षण र सजगता अपनाउनु जरुरी छ। त्यस्तै लकडाउनबाट आक्रान्त बनेका जनताका भोक मेटाउने खाद्यान्न तथा पेय पदार्थको सहज आपूर्ति तथा व्यवस्थापन गर्नु जरुरी छ। सबै आकार र प्रकृतिका उद्योग व्यवसाय र जनतालाई समेत सम्बोधन हुने गरी राहत प्याकेजको घोषणा गर्नु पर्दछ।

त्यस्तै जनताको तर्फबाट पनि सरकारले गरेका निर्णयहरूको कार्यान्वयनमा सहयोगी व्यवहारहरू गर्नु अनिवार्य छ। सरकारलाई सुझाव र खबरदारी आवश्यक छ। तर समाजमा उत्तेजना फैलाउने, अनावश्यकरुपमा हिँडडुल गर्न, टोल टोलमा बाटो बन्द गर्ने र प्रवेश निषेधको नाममा आतङ्क मच्चाउने लगायतका काम बन्द गरी सामाजिक जीवनलाई सरल र सहज बनाउँदै सुरक्षात्मक उपायको अवलम्बन गरी जो जहाँ छन्, त्यहीँ बसी लकडाउनको पूर्ण पालना गर्नु र गराउनु पर्दछ।

गत चैत्र ११ गतेबाट नेपालमा लकडाउन शुरु भई पटक पटक थप हुँदै अब यही जेष्ठ २० गते सम्मको लागि थपिएको छ। सरकारले लकडाउनको अवधि बढाउने मात्र होइन, सो लकडाउनको अबधिलाई प्रयोग गरी कोरोना सङ्क्रमणलाई जित्नका लागि विभिन्न उपचारात्मक तथा सुरक्षात्मक कार्यहरू गरी अगाडि बढ्नु पर्दछ। अन्यथा लकडाउनले जनतालाई असुविधा, रोगसँगै भोक, रोजगारी र आम्दानीबाट विमुख, आर्थिक रुपमा जर्जर र सामाजिक रुपमा मनोवैज्ञानिक डर र सन्त्रास मात्र हुने देखिन्छ। अन्तत्वगत्वा मृत्युको कहाली लाग्दो प्रहर पर्खनुको विकल्प नै नहुन सक्छ। तसर्थ हरेक चुनौतिसँगै आउने अवसरलाई पनि राज्यले ग्रहण गर्न सक्नु पर्दछ। तवमात्र हाम्रो असली नेतृत्व क्षमताको पहिचान हुनेछ र जनताले पनि राहतको महसुससँगै सुरक्षाको अनुभूति गर्नेछन्। जसले गर्दा कोरोना सङ्क्रमणबाट माथि उठी नियमित र सामान्य जनजीवनमा फर्कन मद्दत पुग्दछ।

### मेरो धारणा

**लकडाउनले जनतालाई असुविधा, रोगसँगै भोक, रोजगारी र आम्दानीबाट विमुख, आर्थिक रुपमा जर्जर र सामाजिक रुपमा मनोवैज्ञानिक डर र सन्त्रास मात्र हुने देखिन्छ। अन्तत्वगत्वा मृत्युको कहाली लाग्दो प्रहर पर्खनुको विकल्प नै नहुन सक्छ।**



*(लेखक कीर्तिपुर नगरपालिकाका रोजगार संयोजक हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# मञ्जुश्री पार्कमा पोखरीको शिलान्यास

कीर्तिपुर नगरपालिका वडा नं. ६, चोभार स्थित जलविनायक सामुदायिक वन उपभोक्ता समूहबाट ३३ फिटको मञ्जुश्री प्रतिमा निर्माण कार्य सम्पन्न भए पश्चात् उक्त प्रतिमा सहितको क्षेत्रलाई पार्कको रुपमा विकास गर्न थप पूर्वाधार निर्माण गर्ने क्रम शुरु भएको छ।

यही जेठ २ गते उक्त पार्कमा पानीको फोहोरा सहितको पोखरी (रिजर्भ्वायर) निर्माण कार्यको शिलान्यास गरेको छ। बागमती प्रदेश, वन, वातावरण तथा पर्यटन समितिका सभापति एवं काठमाण्डौ जिल्ला निर्वाचन क्षेत्र नं. १० (क) का सांसद मा. रमा आले मगर, कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्कालगायतले उक्त कृत्रिम पोखरीको शिलान्यास गर्नु भएको थियो। कोरोनाको महामारीको सन्त्रासपूर्ण परिस्थितिमा भएको उक्त कार्यक्रममा सहभागी तथा आयोजकहरु बीच भौतिक दूरी कायम गरि एको थियो। कार्यक्रममा प्रमुख अतिथिले खुला क्षेत्रको महत्त्वका बारेमा प्रकाश पार्नु हुँदै जलविनायक सामुदायिक वनबाट पर्यापर्यटनको विकासका लागि भइरहेका क्रियाकलापहरूबाट आफू प्रभावित भएको तथ्य समेत प्रस्तुत गर्नुभयो। साथै वहाँले तत्कालै समूहबाट अगाडि सारिएका योजनाहरूको सफलताका लागि आफ्नो तर्फबाट सहयोग गरिरहेको र सहयोगको निरन्तरता हुने विश्वास दिलाउनु भयो।



कार्यक्रममा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले जलविनायक सामुदायिक वन उपभोक्ता समूह महाभारतको एकलब्यको जस्तो आफ्नो लक्ष्य प्राप्तिमा दशौं वर्ष अघिदेखि लागि परेकोले त्यसको प्रभाव पनि देखिएको बताउनु भयो। कीर्तिपुर नगरकै महत्त्वपूर्ण गन्तव्य स्थलका रुपमा चोभारलाई स्थापित गर्न नगरपालिकाको सहयोग रहने प्रतिवद्धता जनाउनु भयो। नगर उपप्रमुख तथा प्रवक्ता सरस्वती खड्काले पनि सामुदायिक वनहरू मध्येको अग्रणी जलविनायक सामुदायिक वनले पर्यापर्यटनको विकासमा आफूलाई नमूनाका रुपमा प्रस्तुत गर्न सकेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा थप सहकार्यको अपेक्षा समेत गर्नु भयो।

पार्कमा पोखरी निर्माणका लागि बागमती प्रदेश सरकारका तर्फबाट पानीको फोहोरा सहितको पोखरी (रिजर्भ्वायर) निर्माणका लागि चालु आ.व.२०७६।०७७ मा निर्माण सक्ने गरी रु. २५ लाखको बजेट विनियोजन भएको हो।

कार्यक्रममा यस योजनाको उपादेयता तथा आगामी कार्यक्रहरूका बारेमा वडा नं. ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जनले बोल्नु भएको थियो भने बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालयका प्रमुख जनकलाल महर्जनले पनि आफ्नो धारणा राख्नु भएको थियो।

सामुदायिक वन उपभोक्ता समूहका सचिव शुभलक्ष्मी (सुनिता) शाक्यले सञ्चालन गर्नु भएको उक्त कार्यक्रमको अध्यक्षता गर्नु भएका समूहका अध्यक्ष दिपक महर्जनले धन्यवाद ज्ञापन सहित सभा विसर्जन गर्ने क्रममा कीर्तिपुर नगरपालिकाले समूहलाई समूह गठन बेलाको जस्तै सहयोगको लागि अपील गर्नु भयो।

कार्यक्रममा ६ नं. वडाका सदस्यहरू उत्तम नेपाल तथा सुनिल डंगोल र समूहका कार्य समितिका सदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## कीर्तिपुर नगरपालिकाको
## अत्यन्त जरुरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४


साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।

# कीनपा अन्तर्गत २०७६ सालको आधारभूत तह कक्षा ८ को तथ्याङ्क र सामान्य विश्लेषण

**– जुजुभाइ महर्जन**


शैक्षिक वर्ष २०७६ को अन्तिम समयमा विश्वभर महामारी स्वरुप फैलिएको कोभिड-१९का कारण देशभर हुन लागेका वार्षिक परीक्षाहरू एकाएक अगाडि सार्न बाध्य हुनु पऱ्यो। शुरु हुन लागेको एसईई परीक्षा समेत स्थगित भयो। कीर्तिपुर नगरपालिका आधारभूत तह परीक्षा समितिको आकस्मिक बैठकले परीक्षा चैत्र ५ गते नै सम्पन्न हुने गरी फागुन २७ गतेबाटै सञ्चालन गर्ने निर्णय गरे अनुरुप परीक्षाहरु सम्पन्न भयो । देशभरी चैत्र ११ देखि लकडाउन शुरु भयो । यतिखेर कक्षा शिशुदेखि नौ सम्मका सबै कक्षाका वार्षिक परीक्षाका नतिजाहरू प्रकाशित भैसकेका छन्। नगरपालिकाद्वारा सञ्चालित कक्षा ८ आधारभूत तहको समेत नतिजा प्रकाशित गरिसकेको अवस्था छ। यहाँ सोही कक्षा ८ को नतिजाका बारे सामान्य चर्चा गर्ने प्रयाश गरेको छु। सम्बन्धित विद्यालय, विषय शिक्षक तथा यसमा रुची राख्ने जो कोहीलाई थप विश्लेषण गर्न र आवश्यक नीति निर्माण गर्न सहयोग पुग्ने अपेक्षा समेत गरेको छु।

| विद्यालय विवरण | |
|---|---|
| नगरपालिका भित्रका सहभागी विद्यालय सङ्ख्या | ३१ |
| सामुदायिक विद्यालय | १० |
| संस्थागत विद्यालय | १५ |
| सार्वजनिक शैक्षिक गुठी विद्यालय | ३ |
| अन्य विद्यालय | २ धार्मिक, १ विशेष |





### विद्यार्थी विवरण

| विद्यार्थी सङ्ख्या | |
|---|---|
| छात्र | ७२६ जना |
| छात्रा | ५५० जना |
| अन्य | १ जना |
| कूल जम्मा | १२७७ जना |




### जातजातिगत विद्यार्थी विवरण

| | |
|---|---|
| ब्राह्मण क्षेत्री | ५०९ जना |
| दलित | ९७ जना |
| जनजाति | ५९८ जना |
| मधेसी | ४८ जना |
| अन्य | १८ जना |




- छोक्नी गेछाक गुम्बा विद्यालयमा सबै २४ जना छात्रा र सबै जनजाती विद्यार्थी
- कीर्तिपुर ईङ्गलिस बोर्डिङ्ग स्कुल र छोक्नी गेछाक गुम्बा विद्यालयमा ब्राह्मण शुन्य
- विश्व राष्ट्रिय मा.वि., मेगस, छोक्नी गेछाक गुम्बा, पाँगा मा.वि., हिलटाउन स्कुल र साल्भिनिया स्कुलमा दलित शुन्य
- सफलता एचआइभि विद्यालयमा जनजाति शुन्य

# किपू नगरपालिकाया जनप्रतिनिधिपिनिगु हसना (सन्देश)

कोभिड–१९ या महामारी इलय् नेपाल सरकारं देयन्यंक लकडाउन यानातःगु इलय् किपू नगरपालिकाया जनप्रतिनिधिपिंसं थः नगरबासी वा वडा बासीपिंत सचेत जुइत इनाप याःगु दु। किपूया लोकंह्वाःगु अनलाइन **कीर्तिअनलाइन डटकम** मार्फत थुगु महामारीया विरुद्ध ल्वायेत हसना (सन्देश) बियादिसें नेपाल सरकारं घोषणा याःगु लकडाउनयात पालनायायेत नं इनाप याःगु दु। वयूकःपिनिगु हसना क्वयबियातयागु लिंकय् वनां स्वयादीफई।



https://www.facebook.com/kirtionline/videos/245017770211138/




https://www.facebook.com/kirtionline/videos/896707420769178/



https://www.facebook.com/kirtionline/videos/2537328506519741/



https://www.facebook.com/kirtionline/videos/271024423942713/



https://www.facebook.com/kirtionline/videos/248202213204371/



https://www.facebook.com/kirtionline/videos/3153186111379613/



https://www.facebook.com/kirtionline/videos/665317407624224/



https://www.facebook.com/kirtionline/videos/741531093052035/



https://www.facebook.com/kirtionline/videos/557237761629068/



https://www.facebook.com/kirtionline/videos/247782752943364/



https://www.facebook.com/kirtionline/videos/534973507168357/



https://www.facebook.com/kirtionline/videos/759329474604803/




**बाटो बन्दः** कीर्तिपुर नगरपालिका वडा नं. ८ स्थित ध्वाखासीमा स्थानीयले लकडाउनको क्रममा गरेको बाटो बन्द । कोरोना सङ्क्रमितका कारण पहिलो व्यक्तिको मृत्यु पश्चात स्थानीयहरू स्वतःस्फूर्तरुपमा आ-आफनो ठाउँमा अपरिचित व्यक्तिहरूको आवागमनमा रोक लगाउन बन्द गरेका छन् । *तस्बिर : प्रताप महर्जन*

किर्तिपुर नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्याः ०७६/०७७
च.नं.: १३२

मितिः २०७७/०२/०१

**आधारभूत तह कक्षा ८ को परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा**

प्रस्तुत विषयमा मिति २०७७/०२/०१ गतेको कीर्तिपुर नगरपालिका आधारभूत तह कक्षा ८ को नगर स्तरीय परीक्षा समितिको निर्णय अनुसार मिति २०७६/११/२७ बाट सञ्चालन भएको कक्षा ८ को परीक्षाको नतिजा प्रकाशन गरिएको छ । विद्यार्थीहरुले नतिजा प्राप्त गर्न सम्बन्धित विद्यालयमा सम्पर्क गर्नहुन र तलको निर्देशन अनुसार आफ्नो नतिजा तथा ग्रेडसिट हेर्नुहुन सूचित गरिएको छ ।

तपसिल

क) Google chrome मा bleresult.com टाइप गरी kirtipur municipality / symbol no राखी ।

ख) आफ्नो मोबाइलमा KIR<space>symbol number टाइप गरी 34949 मा send गरी ।

टंकलाल गिरी
शिक्षा शाखा प्रमुख
कीर्तिपुर नगरपालिका

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३६१, E-mail: ict.munkirtipur@gmail.com

# कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु । साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुर्‍याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला ।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# कीनपाका प्रमुख तथा उप-प्रमुखद्वारा ४ नं. वडाका विभिन्न योजनाको स्थलगत निरीक्षण तथा अवलोकन





कीर्तिपुर नगरपालिका वडा नं. ४ अन्तर्गत सञ्चालित विभिन्न योजनहरूको कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उप-प्रमुख सरस्वती खड्काले निरीक्षण गर्नुभएको छ। गत बैशाख ३० गते भएको निरीक्षणका क्रममा कीनपा ४ स्थित थापा गाउँमा बाटोको दुबैतर्फ रिटेनिङ्ग वाल सहित ढलान, पुष्पलाल पार्क स्थित पिकनिक स्पट निर्माण र आगामी योजनाका लागि युवाहरूको विशेष आग्रहमा बहुउपयोगी खेल मैदान निर्माणका लागि गर्नुपर्ने कामका बारेमा जानकारी लिनुभयो।

थापा गाउँदेखि पुष्पलाल प्रतिष्ठान जोड्ने सडक सुधार कार्यक्रमअन्तर्गत बाटो बिस्तार तथा ढलान गर्ने काम सम्पन्न भएको हो। कीर्तिपुर नगरपालिकाको जनसहभागिता सहितको करीब रु. ५० लाख बेहोर्नेगरी उक्त बाटोको करीव ५० मिटर ढलानका साथै दुवैतर्फ ३०० मिटरको रिटेलिङ्गवाल सहितको थापा गाउँ मूलबाटो विस्तार कार्य सञ्चालन भइरहेको थापा गाउँ मूल बाटो विस्तार तथा निर्माण उपभोक्ता समितिका अध्यक्ष सुजित थापाले जानकारी दिनुभयो। उक्त बाटो सम्पन्न गर्नका लागि थप बजेट विनियोजन गरी कार्य सम्पन्न गर्न आवश्यक देखिएकोले उक्त कार्यका लागि कीर्तिपुर नगरपालिकाले थप बजेट विनियोजन गर्ने नगर प्रमुख महर्जनले बताउनुभयो।

निरीक्षणकै क्रममा पुष्पलाल स्मृति प्रतिष्ठान परिसरमा निर्माणाधीन पिकनिक स्पटको समेत निरीक्षण गर्नुभयो । नगरपालिकाको रु.१० लाख विनियोजित बजेटबाट यस वर्ष पिकनिक सेडको फिनिसिङ्ग लगायतका कार्य गरिने र पिकनिक स्पट सञ्चालन गर्न थप भौतिक पूर्वाधार सहित बाटो विस्तार समेत गर्न आवश्यक पर्ने भएकाले आगामी बजेटमा पनि विनियोजन गरी सहयोग गरिदिनु हुन पुष्पलाल स्मृति प्रतिष्ठानका कार्यालय सचिव बुद्ध महर्जनले नगर प्रमुख तथा उप-प्रमुख समक्ष आग्रह गर्नुभयो । जवाफमा नगरपालिकाको तर्फबाट कीनपा-४ को पर्यटन प्रवर्द्धन गर्न नगरपालिकाले सक्दो सहयोग गर्ने प्रमुख महर्जनले जानकारी दिनुभयो।

निरीक्षण कार्यसँगै पुष्पलाल स्पोर्टस् क्लबको विशेष आग्रहमा नगरपालिकाका प्रमुख महर्जन र उप-प्रमुख खड्काले पुष्पलाल स्मृति प्रतिष्ठान परिसर भित्र क्लबको अगुवाईमा बन्दै गरेको बहुउपयोगी खेल मैदानको समेत स्थलगत अवलोकन गर्नुभयो। अवलोकनकै क्रममा नगर प्रमुख महर्जनले आगामी बजेटमा उक्त खेल मैदानको स्तर उन्नति गरी वडा नं. ४ का युवा खेलाडीहरूको मनोबल उच्च बनाउन आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा पुष्पलाल स्पोर्टस् क्लबका अध्यक्ष ईश्वर बुढाथोकी लगायतका युवा खेलाडीहरूको बाक्लो उपस्थिति रहेको थियो।

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कीर्तिपुर, काठमाण्डौं
३ नं. प्रदेश, नेपाल

प.स. ०७६/०७७
च.न.

मिति:- २०७७/०२/०१

(छाप: कीर्तिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३)

**कीर्तिपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना !**

विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड – १९) को संक्रमण काठमाडौं उपत्यका भित्र पुन: देखिनेक्रम बढिरहेकोले यस कीर्तिपुर नगरक्षेत्रभित्र कोरोना भाइरसको जोखिम र संक्रमणबाट बच्नका लागि उच्च सतर्कता सहित तपशील बमोजिम गर्न गराउन हुन सम्पूर्ण नगरबासी र सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

१। कीर्तिपुर नगरक्षेत्र भित्र प्रवेश गर्ने अपरिचित र नयाँ मानिसको निगरानी गरी त्यस्ता मानिसहरुको बारेमा सम्बन्धित वडाअध्यक्ष, नगरपालिका वा स्थानीय प्रहरीलाई खबर गर्ने,

२। नयाँ मानिसहरुलाई यस अवधिभर घरभाडामा नदिने, आफ्नो घरमा भाडामा बसेका व्यक्तिहरु हाल उपत्यका बाहिर रहेको भए यस अवधिमा घरमा आउन नदिने, अत्यावश्यक काम परी आउनै परेमा कोरोना परीक्षण गर्न लगाई RDT वा PCR Report Negative भएमा मात्र घरमा बस्न दिने र यसको अटेर गरेमा घरधनी र स्वयमं व्यक्ति जिम्मेवार हुनेछ,

३। खाद्यान्न, तरकारी, डेरी पसल लगायतका अत्यावश्यक बस्तु तथा सेवा बिक्रि वितरण कार्य विहान ९.०० बजेसम्म मात्र सञ्चालन गर्ने गराउने

४। आधिकारिक पास विनाका सवारी साधनहरु सञ्चालन नगर्ने नगराउने,

५। नगरक्षेत्र बाहिरका व्यक्तिहरु कीर्तिपुर नगरपालिकाभित्र नगरपालिकाको सुरक्षित स्थानमा बस्न परेमा खाना लगायतका खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्नु पर्ने ,

६। नेपाल सरकारबाट घोषित लकडाउनको पूर्ण पालना गर्ने गराउने ,

.................................
रमेश महर्जन
नगर प्रमुख

# आकस्मिक कोषमा विदेशमा रहेकाहरूबाट समेत सहयोग प्राप्त



कीर्तिपुर नगरपालिकाले स्थापना गरेको आकस्मिक कोषमा यो साता पनि रु.२ लाख २५ हजार सहयोग प्राप्त भएको छ। अमेरिकामा बसिरहनुभएका कीर्तिपुर बासीहरूबाट संगठीतरुपमा सहयोग सङ्कलन गरी कीर्तिपुर पठाइएको हो।

समाज सेवी पूर्ण चन्द्र बानियाँले अमेरिकामा रहेका कीर्तिपुरबासीसँग यो विषम परिस्थितिमा आफ्नो कूल थलो कीर्तिपुरमा सहयोग गर्न आह्वान गरे अनुरुप अमेरिकामा बसिरहेका ३२ जना सहयोगी मनहरूबाट नेपाली रु.२ लाख ६८ हजार सङ्कलन भएको र जसमध्ये रु. दुई लाख कीर्तिपुर नगरपालिका आकस्मिक कोषमा जम्मा गर्ने, रु. पचास हजार दैनिक रुपमा निःशुल्क खाना खुवाइ रहेका स्थानीय क्लबलाई सहयोग गर्ने र बाँकी रु.अठार हजार सञ्चारकर्मीहरूलाई पिपिइ उपलब्ध गराउने निर्णयसहित पैसा संकलन गरी कीर्तिपुर नगरपालिका वडा नं.४ का अध्यक्ष राजेन्द्र वानियाँमार्फत नेपाल पठाएका हुन्।

सोही अनुरुप अध्यक्ष बानियाले गत बैशाख ३० गते नगरपालिकामा नगर प्रमुख रमेश महर्जनलाई उक्त नगद हस्तान्तरण गर्नुभयो। नगद हस्तान्तरण गर्नुहुँदै अध्यक्ष वानियाँले अमेरिकामा बसिरहेका कीर्तिपुरबासीहरूले कीर्तिपुरलाई गरेको यो सहयोग शुरुवात मात्र भएको बताउनुभयो। कोभिड–१९ को सिलसिलामा सहयोग रकम जुटाउने अवसर भएकोमा यो सङ्क्रमण पश्चात पनि कीर्तिपुरको विकास निर्माणमा समेत ऐक्यवद्धता गरी निरन्तररुपमा सहयोग सहकार्य गर्ने भएको प्रष्ट पार्नुभयो।

नगरपालिकाका प्रमुख महर्जन तथा उप–प्रमुख सरस्वती खड्काले सहयोगीहरूलाई हार्दिक धन्यवाद् दिँदै आगामी दिनहरूमा समेत सहयोग र सहकार्य गर्दै जाने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. ३ का अध्यक्ष राजेन्द्र महर्जन, १० नं. वडाका अध्यक्ष अमन महर्जन, नेपाली कांग्रेस काठमाडौं जिल्लाका सचिव राजकुमार नकर्मी लगायतको उपस्थिति रहेको थियो।

## आकस्मिक कोषमा यो साता नगद सहयोग गर्नु हुनेको नामावली

६०. अमेरिका बसीरहनुभएका कीर्तिपुरबासीहरू – रु. २,००,०००।-
६१. कीर्तिपुर मैत्री समाज – रु. २५,०००।-

*(५९ नं. सम्म अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ।)*

त्यसैगरी बैशाख ३१ गते बुधवार कीर्तिपुर मैत्री समाजको तर्फबाट अध्यक्ष नेत्र प्रसाद पौडेलले कीर्तिपुर नगरपालिका आकस्मिक कोषमा रु. पच्चीस हजार नगर प्रमुख रमेश महर्जनलाई हस्तान्तरण गर्नुभयो।



नगरपालिका प्रमुखको कार्यकक्षमा भएको हस्तान्तरण कार्यक्रममा नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काका साथै मैत्री समाजका सचिव गणेश प्रसाद खनाल, सल्लाहकार सदस्य वरिष्ठ पत्रकार कपिल काफ्ले लगायतको उपस्थिति रहेको थियो।

नेपाल सरकारले पूरै नेपाललाई लकडाउन गरेकोले कीर्तिपुर नगरभित्र असङ्गठित क्षेत्रमा कार्य गर्ने तथा विपन्न वर्ग लगायत कोही पनि भोकै नपरुन् भनी कीर्तिपुर नगरपालिकाले राहत वितरण गर्न यो आकस्मिक कोषको स्थापना गरेको थियो। उक्त राहत कोषको लागि राष्ट्रिय बाणिज्य बैंक, टेकुमा "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हो। खाता नं. १७०००३०७०१०००२ रहेको उक्त आकस्मिक कोषमा सहयोग गर्न नगरपालिकाले सर्वसाधारणहरूसँग अनुरोध समेत गरेको छ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com